# शिवपुरी गाउँपालिका

## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र

| खण्डः ७ | संख्याः २१ | मितिः २०८०/१०/०३ |
|---|---|---|

## भाग – २

शिवपुरी गाउँपालिकामा बच्चा जोख्नुहोस् नगद सहित पोषण झोला बोक्नुहोस् कार्यक्रम सम्बन्धमा व्यवस्था गर्न शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# बच्चा जोख्नुहोस् नगद सहित पोषण झोला बोक्नुहोस् कार्यक्रम कार्यविधि, २०८०

**प्रस्तावनाः**

यस शिवपुरी गाउँपालिका अन्तर्गतका ८ वटै वडाहरुमा स्थायी रुपमा बसोवास गरेका सम्पूर्ण ६ महिना देखि २३ महिनासम्मका लक्षित वर्गका बालबालिकाहरुको पोषण स्थिति थाहा पाउन, उमेर अनुसार शारीरिक, मानसिक, सामाजिक आदि वृद्धि विकास भए नभएको यकिन गरी पोषण तथा सरसफाई सम्बन्धि परामर्श दिई बालबालिकामा हुने कुपोषण दर न्यून गर्न मासिक रुपमा वृद्धि अनुगमन गर्नु अपरिहार्य छ । फेब्रुअरी महिनालाई आयोडिन महिनाको रुपमा मनाउदै आएको सर्व विविदै छ । यस अवसरमा दुई बालबालिकाको चिन्ह भएको आयोडिन युक्तनूनको प्रयोगलाई बढवा दिदै आयोडिनको कमीले हुने लाटो, लठेब्रो, सुस्त मनस्थिति, गलगाँड, जन्मजात विकृतिहरु हुन नदिन सन्देशहरु सम्प्रेशण गर्न र स्वस्थ्य बच्चा प्रतियागिता गराई अनुसूची १ बमोजिम मापदण्डको आधारमा उत्कृष्ट बच्चा छनौट गरी पुरस्कृत गर्ने र पूर्ण स्तनपान र नियमित मासिक वृद्धि अनुगमन कार्यलाई प्रोत्साहित गर्न नेपालको संविधान २०७२ को दफा ३५ को स्वास्थ्य सम्बन्धि हक, दफा ३६ को खाद्य सम्बन्धि हक र दफा ३९ को बालबालिको हकलाई उपभोग गर्न शिवपुरी गाउँ कार्यपालिकाको मिति २०८०/१०/०३ को बैठकबाट यो **"बच्चा जोख्नुहोस् नगद सहित पोषण झोला बोक्नुहोस् कार्यक्रम कार्यविधि, २०८०"** बनाइ जारी गरिएको छ ।

## परिच्छेद - १

**१. संक्षिप्तनाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"बच्चा जोख्नुहोस् नगद सहितपोषण झोला बोक्नुहोस् कार्यक्रम कार्यविधि २०८०"** रहेको छ ।

(२) यो कार्यविधि शिवपुरी गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) “कार्यालय” भन्नाले शिवपुरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ख) “लक्षित वर्ग” भन्नाले शिवपुरी गाउँपालिकामा बसोवास गर्ने ६ महिना देखि २३ महिनासम्मका बालबालिकाहरुलाई सम्झनुपर्दछ ।

ग) “गाउँपालिका” भन्नाले शिवपुरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ) “सभा” भन्नाले शिवपुरी गाउँ सभालाई सम्झनु पर्दछ ।

ङ) “कार्यपालिका” भन्नाले शिवपुरी गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

च) “कार्यविधि” भन्नाले **“बच्चा जोख्नुहोस् नगद सहित पोषण झोला बोक्नुहोस् कार्यक्रम कार्यविधि, २०८०”** लाई सम्झनु पर्दछ ।

**३. उदेश्यः** यस कार्यविधिको उदेश्य देहाय बमोजिम हुनेछ ।

(१) नियमित वृद्धि अनुगमन गर्न आमाहरुलाई प्रोत्साहित गर्ने ।

(२) बालबालिकाहरुको पोषण स्थिति लेखाजोखा गर्ने ।

(३) नवजातशिशु, शिशु तथा बालबालिकामा हुने कुपोषण दर घटाउने ।

(४) बालबालिकाहरुको स्वास्थ्य समस्याको निदान, उपचार र नियन्त्रणमा सहयोग पुऱ्याउने

(५) जनस्वास्थ्य सम्वन्धमा जनचेतना अभिबृद्धि गर्ने ।

(६) पूर्ण स्तनपान र समयमा नै थप तथा पूरक खाना खुवाउन प्रेरित गर्ने ।

## परिच्छेद - २

**४. कार्यक्रम संचालन प्रक्रियाः**

४.१ शिवपुरी गाँउपालिका अन्तर्गत रहेका ८ वटै वडामा फेब्रुअरी (आयोडिन) महिनाको अवसरमा ६ महिना देखि २३ महिना सम्मका लक्षितवर्गका बालबालिकाहरु बिच स्वस्थ्य बच्चा प्रतियोगिता गरी उत्कृष्ट ३ जना बच्चालाई पुरस्कृत गर्ने

४.२ कार्यक्रम संचालन हुन भन्दा १ हप्ता अगावै स्थानीय संचार माध्यम रेडियो, स्वास्थ्य संस्था तथा महिला सामुदायीक स्वास्थ्य स्वयंसेविकाको माध्यमवाट प्रचार प्रसार गर्ने ।

४.३ स्वस्थ्य बच्चा प्रतियोगिता अनुसूची-१ को मापदण्ड बमोजिम छनौट गर्नु पर्नेछ । स्वस्थ्य बच्चाको छनौट सम्बन्धित वडाको स्वास्थ्य संस्थाले गर्नेछ ।

४.४ कार्यक्रम सञ्चालन शिवपुरी गाँउपालिकाले सम्बन्धित स्वास्थ्य संस्थासँग समन्वय र सहयोगमा आयोजना गरी सञ्चालन गरिनेछ । अन्य गैह्र सहकारी संस्थासँग पनि समन्वय गरिनेछ ।

४.५ कार्यक्रम संचालन गर्दा प्रति संस्था रु. १०,०००।- (दश हजार मात्र) का दरले खर्च गर्न सकिने र कार्यक्रम पश्चात् स्वास्थ्य संस्थाले अनुसूची-२ बमोजिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

## परिच्छेद - ३

**५. आर्थीक प्रशासन सेवाः** कार्यक्रमको लेखा, लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरिनेछ ।

**६. अनुगमन, मुल्याङकन तथा प्रतिवेदन सम्वन्धि ब्यवस्थाः** (१) यस कार्यक्रमको अनुगमन तथा मुल्याङन शिवपुरी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछन ।

(२) कार्यक्रम संचालन पश्चात स्वास्थ्य संस्थाहरुबाट प्राप्त प्रतिवेदनलाई एकमुष्ट गरी स्वास्थ्य तथा सरसफाई शाखाले अनुसूची-२ बमोजिम अनुगमन तथा मूल्याङकन समिति समक्ष पेश गर्नेछ ।

**७. थपघट वा हेरफेर गर्न सक्नेः** (१) यस कार्यविधि कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्प्रष्तता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

# अनुसूची - १

**अंकभारः**

**कूल पूर्णाङ्कः १५**

| सि.नं. | गतिविधिहरु | सामान्य भए = १<br>सामान्य नभए = ० | प्राप्ताङ | कैफियत |
|---|---|---|---|---|
| १ | बच्चाको उमेर अनुसारको तौल सामान्य रहेको | १ | | |
| २ | बच्चालाई ६महिनासम्म पूर्णस्तनपान गरेको | १ | | |
| ३ | बच्चालाई  उमेर अनुसार समयमा नै थपतथा पूरक खाना खुवाएको(खाना र खाजा) | १ | | |
| ४ | बच्चाको विकासका सूचकहरु सामान्य भएको | १ | | |
| ५ | बच्चालाई नियमित रुपमा मासिक तौल अनुगमन कम्तिमा९१% गरेको भए ५,<br>८१ देखि ९०%भए ४,<br>७१ देखि ८०%भए ३,<br>६१ देखि ७० % भए २<br>र ६०%वा सो भन्दा कम भए १ अंक | अधिकतम  ५ | | |
| ६ | बच्चाको मुआक सामान्य भएको | १ | | |
| ७ | बच्चाले नियमिततथा पूर्ण खोप लगाएको | १ | | |
| ८ | बच्चाको उचाई अनुसारको तौल Z-Score सामान्य भएको | १ | | |
| ९ | बच्चामा जन्मजात तथा अन्य विकृतिहरु नभएको | १ | | |
| १० | बच्चाको व्यक्तिगत सरसफाई राम्रो भएको | १ | | |
| ११ | बच्चामा पोषणजन्य सुजन नभएको | १ | | |

## अनुसूची - २

## बच्चा जोख्नुहोस् नगद सहित पोषण झोला बोक्नुहास् कार्यक्रमको प्रगति प्रतिवेदन

पालिकाको नामः                                 कार्यक्रम संचालन भएको मितिः

वडा नंः

स्वस्थ्य बच्चा प्रतियोगितामा सहभागी भएका बच्चाहरुः

महिलाः

पुरुषः

जम्माः

स्वस्थ्य बच्चा प्रतियोगितामा उत्कृष्ट भएका बच्चाहरु(प्रथम,द्धितीय,तृतीय):

| सि.नं. | बच्चाको नाम थर | आमाको नाम थर | बच्चाको उमेर (महिना) | तौल (के.जी.) | मुआक (से.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**आर्थिक फाँटवारीः**

| सि.नं. | विवरण | प्रस्तावित/विनियोजित रकम रु. | खर्च रकम रु. | बाँकी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**कार्यक्रमको फोटोः**

**आज्ञाले**

**वसन्त कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**